# महाकुलुङ गाउँपालिका

# स्थानीय राजपत्र

## महाकुलुङ गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः६ सङ्ख्याः १ गाउँसभाबाट स्वीकृत मितिः २०८० असार १०**

### भाग-१

नेपालको संविधानको धारा २२६, अनुसूची-८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) दिएको अधिकार प्रयोग गरी महाकुलुङ गाउँपालिकाको गाउँसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**संम्बत् २०८० सालको ऐन नं. १**

**स्थानीय राजपत्रमा प्रकाशन मितिः२०८०/०८/२०**

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

खण्डः ६) सङ्ख्याः १, स्थानीय राजपत्र भाग १, गाउँ सभाबाट स्वीकृत मितिः २०८०/०३/१०
स्थानीय राजपत्रमा प्रकाशन मितिः२०८०/०८/२०, अतिरिक्ताङ्क १

# महाकुलुङ गाउँपालिका शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको शिक्षा ऐन, २०८०

**प्रस्तावनाः** महाकुलुङ गाउँपालिका शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले, महाकुलुङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"महाकुलुङ गाउँपालिका शिक्षा ऐन, २०७५ (दोस्रो संशोधन) २०८०"** रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन गरेपछि लागू हुनेछ।

२. **महाकुलुङ गाउँपालिका शिक्षा ऐन, २०७५ को दफा २ मा संशोधनः** महाकुलुङ गाउँपालिका शिक्षा ऐन, २०७५ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ मा संशोधनः

(१) खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राखिएको छः

"(ठ) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ।"

(२) खण्ड (ड) हटाइएको छ।

(३) खण्ड (ढ) को सट्टा देहायको खण्ड (ढ) राखिएको छः

" (ढ) "मन्त्रालय" मन्नाले नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।"

(४) खण्ड (थ) को सट्टा देहायको खण्ड (थ) राखिएको छः

"(थ) "शिक्षक किताबखाना" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ।"

(५) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छः

"(द) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून बमोजिम गठन भएको आयोग सम्झनु पर्छ।"

(६) खण्ड (ध) को सट्टा देहायको खण्ड (ध) राखिएको छः

"(ध) "शिक्षा समिति" भन्नाले गाउँपालिका शिक्षा ऐनको दफा २० बमोजिमको शिक्षा सम्बन्धी समिति सम्झनु पर्छ।"

(७) खण्ड (ल) को सट्टा देहायको खण्ड (ल) राखिएको छः

"(ल) "समावेशी शिक्षा" भन्नाले दृष्टिविहिन, न्यून दृष्टियुक्त बहिरा, सुस्त श्रवण, अटिज्म बौद्धिक, शारिरीक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा र सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडी पारिएका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षालाई सम्झनुपर्छ।"

(८) खण्ड (श) को सट्टा देहायको खण्ड (श) राखिएको छः

"(श) प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यावसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाहसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ। सो शब्दले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको स्वीकृति प्राप्त शिक्षालाई समेत जनाउँदछ।"

(९) खण्ड (ह) पछि देहायको खण्ड (ह१) थपिएको छः

"(ह१) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकलाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनुपर्छ।"

३. **मूल ऐनको दफा ३ मा संशोधनः** मूल ऐनको दफा ३ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) संशोधन गरिएको छः



महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

(१) "(४) गाउँ कार्यपालिकाले उपदफा (३) बमोजिम शिक्षा शाखामा पेश भएको निवेदनको आधारमा विद्यालय खोल्न अनुमति दिने सम्बन्धमा निर्णय गर्नेछ । यसरी अनुमति दिदाँ शैक्षिक सत्र शुरु हुनुभन्दा ३० दिन अगावै दिनुपर्नेछ ।"

४. **मूल ऐनको दफा ४ को खण्ड (झ) र (ट) मा संशोधनः** मूल ऐनको दफा ४ को खण्ड (झ) र (ट) को सट्टा देहायबमोजिमको संशोधन गरिएको छः

(१) " (झ) सामुदायिक विद्यालयमा गाउँ कार्यपालिकाले तोकेको सङ्ख्याको अधिनमा रही शिक्षक सेवा आयोगको सिफारिस अनुसार शिक्षक नियुक्ति/हाजिरी गराउनु पर्ने ।"

(२) " (ट) विद्यालय तथा छात्रावासमा स्वस्थकर, सत्य, निष्ठा र नैतिक चरित्र निर्माण, उद्यमशिलता प्रवर्धन, सामाजिक सद्भाव प्रवर्धन तथा सामाजिक विकृति (बालविवाह, निरक्षरता, छाउपडी, दाइजो, बोक्सावोक्सी, छुवाछुत, जातिगत उचनीचना, लैङ्गिक विभेद आदि) उन्मुलनको वातावरण कायम गर्ने ।"

५. **मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ को सट्टा देहायबमोजिमको संशोधन गरिएको छः

(१) "(५) विद्यालय खोल्न स्वीकृति प्रदान गर्नेः (१) गाउँपालिका शिक्षा ऐनको दफा (३) बमोजिम अनुमति प्राप्त आधारभूत तथा माध्यमिक विद्यालयले गाउँपालिका वा माथिल्लो निकायबाट प्रचलित नियमानुसार स्वीकृति लिनुपर्नेछ ।"

६. **मूल ऐनको दफा १० को उपदफा (१) मा संशोधनः** मूल ऐनको दफा १० को उपदफा (१) को सट्टा देहायबमोजिमको संशोधन गरिएको छः

(१) "१० धरौटी राख्नु पर्नेः (१) संस्थागत विद्यालय खोल्ने अनुमति लिंदा विद्यालय सञ्चालनको सुरक्षण वापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नुपर्नेछः

(क) माध्यमिक विद्यालयको लागि दुई लाख रुपैँया,

(ख) आधारभूत तह कक्षा (६-८) को लागि एक लाख पचास हजार,

(ग) आधारभूत तह कक्षा (१-५) को लागि पचास हजार रुपैँया ।"

७. **मूल ऐनको दफा १८ को खण्ड (ञ), (ड), (ढ) र (ष) मा संशोधनः** मूल ऐनको दफा १८ को खण्ड (ञ), (ड), (ढ) र (ष) को सट्टा देहायबमोजिमको संशोधन गरिएको छः

(१) "(ञ) आधारभूत तह कक्षा ८ को परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तर पुस्तिका झिकाई जाँच, विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका लागि आवश्यक काम गर्ने ।"

(२) " (ड) हटाइएको ।"

(३) " (ढ) नियुक्ति वा वढुवाको लागि आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति/पदस्थापन गर्ने ।"

(४) "(ष) कार्यपालिकाबाट स्वीकृत मापदण्डको आधारमा शिक्षकको काज सरुवा तयारी गर्ने ।"

८. **मूल ऐनको दफा २० को उपदफा १ र ५ मा संशोधनः** मूल ऐनको दफा २० को उपदफा १ र उपदफा ५ को सट्टा देहायबमोजिमको संशोधन गरिएको छः

(१) "२० शिक्षा समितिको संरचना तथा कार्य सञ्चालन विधिः (१) गाउँपालिकामा देहाय बमोजिमको एक गाउँ शिक्षा समिति रहनेछः

(क) गाउँपालकाको अध्यक्ष अध्यक्ष वा निजले तोकेको एक जना कार्यपालिका सदस्य - संयोजक

(ख) गाउँपालिकाका महिला तथा दलित सदस्य मध्येबाट गाउँ कार्यपालिकाद्वारा मनोनित ३ जना सदस्यहरु = सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी - सदस्य

(घ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट समितिले मनोनित गरेको एक जना प्रधानाध्यापक - सदस्य

(ङ) संस्थागत विद्यालयहरु मध्येबाट समितिले मनोनित गरेको तोकेको प्रतिनिधि एकजना प्रधानाध्यापक - सदस्य

(च) गाउँपालिका स्तरीय अभिभावक संघका तर्फबाट समितिले मनोनित गरेको प्रतिनिधि एक जना - सदस्य

(छ) स्थानीय शिक्षक महासंघको अध्यक्ष - सदस्य

(ज) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट समितिले मनोनित गरेको १ जना - सदस्य

(झ) गाउँपालिकाको सामाजिक विकास संयोजक - सदस्य

(ञ) शिक्षा अधिकृत/शिक्षा शाखा प्रमुख - सदस्य-सचिव"

(२) "(५) उपदफा (१) बमोजिम मनोनित सदस्यहरुको पदावधि २ वर्षको हुनेछ।

९. मूल ऐनको दफा २१ मा संशोधनः मूल ऐनको दफा २१ को खण्ड (ब) पछि खण्ड (ब१) थपिएको छः

(१) "(ब१) विद्यालयमा विद्यार्थी सङ्ख्या, विषयगत दरबन्दी र कक्षा सङ्ख्याको आधारमा शिक्षक दरबन्दी मिलान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्ने।"

१०. मूल ऐनको दफा २२ मा संशोधनः मूल ऐनको उपदफा (१),(२), (३) र (४) को सट्टा देहाय बमोजिमको उपदफाहरु राखिएको छ। साथै उपदफा (२) पछि उपदफा (२क), (२ख), (२ग), (२घ), (२ङ), (२च) थपिएको छ।

(१) "(१) यस ऐन र अन्तर्गत व्यवस्था भएको समितिहरुको अधिकार क्षेत्र बाहेक विद्यालय सञ्चालन गर्न प्रत्येक सामुदायिक विद्यालयमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि देहायको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) अभिभावकले आफुहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना - सदस्य

(ख) विद्यालय रहेको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य - सदस्य

(ग) मनोनयन गरेको सदस्य विद्यालय संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य

(घ) विद्यालयका शिक्षकले आफुहरुमध्येबाट छानी पठाएको एकजना शिक्षक - सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक - सदस्य-सचिव"

(२) "(२)विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ वर्षको हुनेछ।"

"(२क) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिल्ला स्तरका उद्योग तथा वाणिज्य महासंघका दुई जना प्रतिनिधि सदस्य रहनेछन्।

(२ख) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेका सदस्य सो समितिको अध्यक्ष हुनेछ।

(२ग) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, नेपाल

(२घ) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिका कम्तिमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयकको व्यवस्थापन समितिमा कम्तिमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ।

(२ङ) सम्बन्धित विद्यालय निरीक्षक वा गाउँपालिकाको शिक्षा अधिकृत/शिक्षा शाखा प्रमुखलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ।

(२च) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरुमध्येबाट विद्यालयको सिफारिसमा गाउँपालिकाले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरुमध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना –सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरुमध्येबाट गाउँपालिकाले मनोनित गरेको एकजना -सदस्य

(घ) गाउँपालिकाको शिक्षा शाखा प्रमुख वा निजले तोकेको व्यक्ति -सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफुहरु मध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव"

(३) "(३) राजिनामा स्वीकृत गर्नेः व्यवस्थापन समितिका सदस्यले राजिनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ। तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजिनामा व्यवस्थापन समितिको वरिष्ठ सदस्यले स्वीकृत गर्नेछ। विद्यालय व्यवस्थापन समितिको कार्य अवधि सकिएका विद्यालयहरुले दुई महिनाभित्र विद्यालय व्यवस्थापन समिति गठन गरिसक्नुपर्नेछ।"

(४) "(४) अभिभावकको अभिलेख राख्नेः (१) गाउँपालिका शिक्षा शाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै, दाजु, दिदीको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ। तर, बाबु, आमा,बाजे बज्यैले मात्र विद्यालय व्यवस्थापन समितिको सदस्य छनौट गर्ने प्रयोजनका लागि सहभागी हुन पाउनेछन्।"

११. <u>मूल ऐनको दफा २३ को उपदफा (२) र (३) मा संशोधनः</u> मूल ऐनको दफा २३ को उपदफा (२) र (३) को सट्टा देहायबमोजिमको संशोधन गरिएको छः

(१) "(२) उपदफा (१) बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि सम्बन्धित निरीक्षक वा निज उपलब्ध नभएमा शिक्षा अधिकृतले खटाएको अधिकृत/कर्मचारीको संयोजकत्वमा प्रधानाध्यापक, छिमेकी विद्यालयको प्रधानाध्यापक र सम्बन्धित वडाको वडा सचिव रहेको चार सदस्यीय छनौट सहयोग समिति गठन गर्न सक्नेछ।"

(२) "(३) उपदफा (३) हटाइएको छ।"

१२. <u>मूल ऐनको दफा २४ मा संशोधनः</u> मूल ऐनको दफा २४ को उपदफा (९) को सट्टा देहायबमोजिमको संशोधन गरिएको छः

(१) " (९) उपदफा (९) हटाइएको छ।"

१३. <u>मूल ऐनको दफा २५ मा संशोधनः</u> मूल ऐनको दफा २५ को खण्ड (ख) को सट्टा देहायबमोजिमको संशोधन गरिएको छः

(१) "(ख) पच्चीस वर्ष उमेर पुरा नभएको।"

१४. **मूल ऐनको दफा २७ को उपदफा (२) मा संशोधनः** मूल ऐनको दफा २७ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः

(१) "(३) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने।

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने।

(ग) विद्यालयको चल, अचल सम्पतिको सुरक्षा र संरक्षण गर्ने।

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने।

(ङ) नेपाल सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरु पढाउन आवश्यक देखिएमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को स्वीकृति लिने।

(च) आयोगबाट अध्यापन अंनुमति पत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने।

(छ) नेपाल सरकारले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने।

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने।

(झ) नेपाल सरकार तथा स्थानीय सरकारले दिएको निर्देशनहरुको पालना गर्ने।"

१५. **मूल ऐनको दफा ३० को उपदफा (१) र (४) मा संशोधनः** मूल ऐनको दफा ३० को उपदफा (१) र (४) को सट्टा देहायबमोजिमको संशोधन गरिएको छः

(१) "(३०) परीक्षा सञ्चालन तथा समन्वय समितिः (१) विद्यालयहरु आधारभूत तह कक्षा-८ उत्तीर्ण परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा समिति सञ्चालन तथा समन्वय समिति रहनेछः

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| (ख) सामुदायिक विद्यालयका दुई जना शिक्षक | - सदस्य |
| (ग) सामाजिक विकास संयोजक | - सदस्य |
| (घ) शिक्षा अधिकृत वा शिक्षा हेर्ने कुनै कर्मचारी | - सदस्य-सचिव।" |

(२) "(४) कक्षा ८ को परीक्षा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड बमोजिम समितिले गर्नेछ।"

१६. **मूल ऐनको दफा ३८ को उपदफा (३) मा संशोधनः** मूल ऐनको दफा ३८ को उपदफा (३) को सट्टा देहायबमोजिमको संशोधन गरिएको छः

(१) "(३) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा प्रधानाध्यापकले आधारभूत तहको विद्यार्थीको हकमा निःशुल्क र माध्यमिक तहको विद्यार्थीको हकमा शिक्षा समिति/विद्यालय व्यवस्थापन समितिले तोके बमोजिमको शुल्क लिई सात दिन भित्र स्थानान्तरण पत्र दिनु पर्नेछ।"

१७. **मुल ऐनको दफा ४६ मा संशोधनः** मूल ऐनको दफा ४६ को सट्टा देहायबमोजिमको संशोधन गरिएको छः

(१) "४६ बालसहयोगी/विद्यालय सहयोगी सम्बन्धी व्यवस्थाः विद्यालय व्यवस्थापन समितिले स्वीकृत दरबन्दीको अधीनमा रही कार्यविधि बनाई स्वीकृत गरी शिक्षा शाखामा दर्ता भईसकेपछि सोही आधारमा विद्यालय सहयोगी, बाल सहयोगी र कर्मचारी सहायक नियुक्ति तथा निजको सेवा सुविधा सम्बन्धमा न्यूनतम पारिश्रमिक तोकी व्यक्ति वा संस्थासँग करार गरी सेवा करारबाट कार्य सम्पादन गराउनु पर्नेछ।"

१८. **मूल ऐनको दफा ४७ को उपदफा (१) मा संशोधनः** मूल ऐनको दफा ४७ को उपदफा (१) को सट्टा देहायबमोजिमको संशोधन गरिएको छ, साथै देहायको उपदफा (२) थपिएको छ।

(१) "५४ शिक्षक तथा कर्मचारी छनौट समितिः (१) सामुदायिक विद्यालयमा करारमा शिक्षक वा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछः

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) शिक्षा अधिकृत/शिक्षा शाखा प्रमुख वा निजले तोकेको प्रतिनिधि - सदस्य

(घ) दुई जना विषय विशेषज्ञ - सदस्य

(ङ) प्रधानाध्यापक -सदस्य -सचिव"

(२) शिक्षक तथा कर्मचारी छनौट समितिका सदस्यहरुको बैठक भत्ता सम्बन्धी व्यवस्था शिक्षा समिति/प्रधानाध्यापक वैठकको निर्णय बमोजिम हुनेछ।

१९. **मूल ऐनको दफा ५१ को उपदफा (१) मा संशोधनः** मूल ऐनको दफा ५१ को उपदफा (१) को सट्टा देहायबमोजिमको संशोधन गरिएको छः

(१) "५१ छात्रवृत्तिको व्यवस्था गर्नुपर्नेः (१) संस्थागत विद्यालयले देहायबमोजिमका विपन्न एवम् सिमान्तकृत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ। यसरी सिफारिस गर्दा कम्तिमा १० प्रतिशत बालबालिका अनिवार्य समावेश गर्ने पर्नेछ।"

२०. **मूल ऐनको दफा ५३ को उपदफा (२) र उपदफा (४) मा संशोधनः** मूल ऐनको दफा ५३ को उपदफा (२) र (४) को सट्टा देहायबमोजिमको संशोधन गरिएको छः

(१) " (२) उपदफा (१) बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्धमा सम्बन्धित शिक्षा समिति, विद्यालय निरीक्षक तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

(२) "(४) विद्यालय जाने उमेर समूहका वालबालिकालाई अनिवार्य रुपमा विद्यालय भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागू गर्ने दायित्व गाउँपालिका शिक्षा समिति, सम्बन्धित वडा, विद्यालय निरीक्षक तथा सामुदायिक विद्यालयका शिक्षक शिक्षिका, अभिभावकको समेत जिम्मेवारी हुनेछ।"

२१. **मूल ऐनको दफा ५४ को उपदफा (७), उपदफा(१२), उपदफा (१३) को खण्ड (क), खण्ड (घ), उपदफा (१८) मा संशोधनः** मूल ऐनको दफा ५४ को उपदफा (७), उपदफा(१२), उपदफा (१३) को खण्ड (क), खण्ड (घ) को सट्टा देहायबमोजिमको संशोधन गरिएको छ, साथै उपदफा (१८) पछि देहायको उपदफा (१९) र (२०) थपिएको छः

(१) "(७) उपदफा (७) हटाइएको छ।"

(२) "(१२) उच्च शिक्षा अध्ययनका लागि विदा स्वीकृत/सिफारिस गर्दा गाउँपालिका शिक्षा समितिले एक आर्थिक वर्षमा आधारभूत तहको पहिलो र दोस्रो तहका लागि एक जना र माध्यमिक तहका लागि एक जनाको अध्ययन विदा स्वीकृत/सिफारिस गर्न सक्नेछ।"

(३) "१३(क) अध्ययन विदा स्वीकृति/सिफारिसका लागि गाउँपालिकामा सार्वजनिक रुपमा सूचना गरी इच्छुक शिक्षकलको निवेदन आह्वान गर्ने।"

(४) "१३(घ) अन्तिम नाम छनौटमा परेका शिक्षकलाई कबुलियत गराई अध्ययनको अवधिका लागि अध्ययन विदा स्वीकृति/सिफारिस गरिनेछ। यसरी अध्ययन विदा स्वीकृत भएका शिक्षकले प्रत्येक सेमेष्टर वा वार्षिक परीक्षाको नतिजा सहितको प्रतिवेदन शिक्षा शाखामा पेश गर्नुपर्ने।"

(५) "(१९) शिक्षक प्रसुति विदामा रहेको तीन महिनाको अवधिमा गाउँपालिकाले प्रसुति विदामा बसेको शिक्षकको सट्टा २ पटकका लागि मात्र सम्बन्धित शिक्षक रहेको विद्यालयमा स्वयम सेवक शिक्षकको व्यवस्था गर्नेछ। यदि ९८ दिनभन्दा बढी विदा बस्नु परेको खण्डमा विद्यालय, विद्यालय व्यवस्थापन समितिले नै सोको व्यवस्थापन गर्नेछ।"

(६) "(२०) उपदफा (१९) बमोजिम खटिने स्वयम सेवक शिक्षकको सेवा सुविधा कार्यपालिकाले तोकिए बमोजिम हुनेछ।"

२२. **मूल ऐनको दफा ५५ को उपदफा (२) मा संशोधनः** मूल ऐनको दफा ५५ को उपदफा (२) को सट्टा देहायबमोजिमको संशोधन गरिएको छः

(१) "(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि शिक्षक वा कर्मचारीको असाधारण विदा, बेतलबी विदा र अध्ययन विदा व्यवस्थापन समितिको निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले सिफारिस गर्नेछ।"

२३. **मूल ऐनको दफा ७९ मा संशोधनः** मूल ऐनको दफा ७९ को सट्टा देहायबमोजिमको संशोधन गरिएको छः

(१) "(७९) विद्यालयको कामको सामाजिक परीक्षण गर्नेः सामुदायिक विद्यालयले आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र आफ्नो कामको सामाजिक परीक्षण गर्नुपर्नेछ। यसरी सामाजिक परीक्षण नगर्ने विद्यालयको पहिलो त्रैमासिक निकासा गाउँपालिकाले रोक्का गर्न सक्नेछ।"

२४. **मूल ऐनको दफा ८६ को उपदफा (१) मा संशोधनः** मूल ऐनको दफा ८६ को उपदफा (१) को सट्टा देहायबमोजिमको संशोधन गरिएको छः

(१) "(८६) जिम्मेवार रहनेः (१) गाउँपालिका, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, अभिभावक एवम् शिक्षक विद्यार्थीप्रति जिम्मेवार हुनेछ।"

२५. **मूल ऐनको दफा ८९ को खण्ड (ट) मा संशोधनः** मूल ऐनको दफा ८९ को (ट) पछि देहायबमोजिमको खण्ड (ठ) थपिएको छः

(१) "(ठ) शिक्षकले विद्यालय समयमा नेपाल सरकारले तोकिदिएको पोशाक लगाउनुपर्ने।"

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम महाकुलुङ गाउँपालिकाको गाउँसभाबाट स्वीकृत महाकुलुङ गाउँपालिका शिक्षा ऐन (दोस्रो संशोधन) विधेयक, २०८० प्रमाणिकरण गरिएको छ।

**प्रमाणिकरण मितिः २०८०/०३/१०**

**स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८०/०८/२०**